# महालक्ष्मी राजपत्र

## संख्याः१

भागः २ मिति : २०८१/०१/२१

## महालक्ष्मी नगरपालिका, ललितपुर

# महालक्ष्मी नगरपालिका भवन निर्माण सम्पन्न अभिलेखीकरण सम्वन्धि कार्यविधि, २०८१

(नगर कार्यपालिकाबाट २०८१/०१/१८ मा स्वीकृत)

महालक्ष्मी नगरपालिका, नगर कार्यपालिकाको कार्यालयबाट मुद्रित

# महालक्ष्मी नगरपालिका भवन निर्माण सम्पन्न अभिलेखीकरण सम्वन्धि कार्यविधि, २०८१

महालक्ष्मी नगरपालिका क्षेत्रभित्र नयाँ निर्माण भएका, तला थप भएका तथा अन्य भवनहरुलाई अभिलेखिकरण गरि निर्माण सम्पन्नताको प्रमाणपत्र जारी गर्ने कार्यलाई सरल, व्यवस्थित र थप प्रभावकारी बनाउन स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा १०२ को उपदफा (२) बमोजिम यो कार्यविधि बनाई जारी गरिएको छ ।

## परिच्छेद -१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "महालक्ष्मी नगरपालिका भवन निर्माण सम्पन्न अभिलेखीकरण सम्बन्धी कार्यविधी, २०८१" रहेको छ ।

(२) यो कार्यविधि नगर कार्यपालिकाबाट स्वीकृत भई महालक्ष्मी राजपत्रमा प्रकाशित भएको मिति देखि लागु हुनेछ ।

२. **परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :-

(क) "ऐन" भन्नाले स्थानीय सरकार संचालन ऐन, २०७४ सम्झनुपर्दछ।

(ख "एकाघर को व्यक्ति" भन्नाले नक्सावालासँग एकासंगोलमा बस्ने परिवारका अन्य सदस्यलाई सम्झनु पर्दछ।

(घ) "EBPS" भन्नाले Online माध्यमबाट भवन निर्माण अनुमति प्रदान गर्न प्रयोग गरिने Electronic Building Permit System लाई सम्झनुपर्दछ।

(ङ) "तत्कालीन मापदण्ड" भन्नाले भवन निर्माण गर्न अनुमति लिएको मिति वा भवन निर्माण गरेको मितिमा लागू भएको भवन निर्माण सम्बन्धि मापदण्डलाई सम्झनुपर्दछ।

(च) "भवन निर्माण सम्पन्न अभिलेखिकरण" भन्नाले आफ्नो हक भोग र स्वामित्वको जग्गामा निर्माण भैसकेको भवनको नापजाँच गरी अभिलेखिकरण गर्ने कार्य लाई सम्झनुपर्दछ।

(छ) "नगर कार्यपालिका" भन्नाले महालक्ष्मी नगरपालिकाको नगर कार्यपालिकालाई सम्झनुपर्दछ।

(ज) "भवन निर्माण सम्पन्न अभिलेखिकरण प्रमाणपत्र" भन्नाले भवन निर्माण सम्पन्न अभिलेखिकरण तथा अभिलेखीकरण भएको प्रमाणित गर्ने प्रमाणपत्रलाई सम्झनुपर्दछ।

(झ) "प्रारम्भिक प्राविधिक प्रतिवेदन" भन्नाले प्राविधिकबाट भवन निर्माण भएको स्थलकोअवलोकन, नापजाँच गरी पेश गरेको स्केच वा लिखित व्यहोरा वा आवश्यकतानुसार दुवै प्रकृतिको विवरण उल्लेखित प्रतिवेदनलाई सम्झनुपर्दछ।

(ञ) "प्रमुख" भन्नाले महालक्ष्मी नगरपालिकाको नगर प्रमुखलाई सम्झनुपर्दछ।

(ट) "मापदण्ड" भन्नाले महालक्ष्मी नगरपालिका भवन निर्माण सम्बन्धि तत्कालीन मापदण्ड सम्झनुपर्दछ।

(ठ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले महालक्ष्मी नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्दछ ।

(ड) "नगरपालिका" भन्नाले महालक्ष्मी नगरपालिकालाई सम्झनु पर्दछ ।

(ढ) "वडा अध्यक्ष" भन्नाले महालक्ष्मी नगरपालिकाको सम्बन्धित वडाको वडा अध्यक्षलाई सम्झनु पर्दछ।

(ण) "वडा समिति" भन्नाले महालक्ष्मी नगरपालिकाको सम्बन्धित वडाको वडा समितिलाई सम्झनुपर्दछ।

(त) "सभा" भन्नाले महालक्ष्मी नगरपालिकाको नगर सभालाई सम्झनु पर्दछ।

(थ) "सर्जीमिन" भन्नाले भवन निर्माण सम्बन्धमा सम्बन्धित जग्गा, बाटो, संधियार आदि विषयमा सम्बन्धित वडाका जनप्रतिनिधिको रोहवरमा कम्तीमा ५ जना स्थानीयको स्पष्ट भनाइ समावेश गरी गरिएको कागज सम्झनु पर्दछ।

(द) "श्रेस्ता" भन्नाले भवन निर्माणसँग सम्बन्धित जग्गाको अभिलेखलाई सम्झनु पर्दछ।

(ध) "As Build Drawing" भन्नाले अभिलेखिकरण प्रयोजनका लागि भवन, सेप्टी टंकी, प्लान, ईलिभेसन, साईड प्लान र लोकेसन प्लान स्पष्ट देखिने सूचिकृत कन्सल्टेन्सी मार्फत निर्माण गरिने वा नगरपालिकाले तोकेको अन्य प्राबिधिकबाट निर्माण हुने नक्सा सम्झनु पर्दछ।

(न) "डिजाइनर" भन्नाले महालक्ष्मी नगरपालिकामा दर्ता भएका भवनको नक्सा डिजाइन गर्न सुचिकृत भएका डिजाइनर/कन्सल्टेन्टलाई सम्झनु पर्दछ।

(च) "आवश्यक कागजात" भन्नाले भवन अभिलेखिकरण गर्न पेश गर्नुपर्ने भवन सम्वद्ध कागज प्रमाणलाई सम्झनुपर्दछ।

## परिच्छेद -२
## निर्मित भवनको अभिलेखीकरणको प्रक्रिया

३. **भवन निर्माण सम्पन्न अभिलेखिकरणका लागी दरखास्त दिनुपर्नेः** भवन नक्सा पास तथा निर्माण इजाजत सम्बन्धी प्रक्रियामा नआई तथा पास भएको नक्सामा स्वीकृति बेगर हेरफेर गरि निर्माण भैसकेको भवन लाई भवन निर्माण सम्पन्न अभिलेखिकरण गरि पाउँ भनि घर धनीले अभिलेखीकरण प्रयोजनको लागी योग्यता पुगेका डिजाइनरवाट As build drawing बनाइ सोही मार्फत EBPS प्रणालीको डिजाइनर डेस्कबाट अभिलेखीकरणका लागी दरखास्त पेश गर्नुपर्नेछ। अभिलेखीकरणको निवेदनको साथ अनुसूचि १ मा उल्लेखित कागजातहरु EBPS मा upload गर्नुपर्नेछ । निवेदन र अन्य आवश्यक कागजात सहितको Hard Copy फाइल तयार गरी सो समेत

कार्यालयमा पेश गर्नुपर्नेछ ।यसका लागि नगरपालिकाले निश्चित अवधि तोकि सार्वजनिक सूचना प्रकाशन गर्ने छ ।

४. **सूचना जारी गर्ने :** नगरपालिकाको भवन तथा वस्ती विकास शाखाले बुँदा ३ बमोजिमको निवेदन रीत पुर्वकको भए नभएको जाँची दर्ता गर्ने र ऐनको दफा ३१ (क) बमोजिम १५ दिने सन्धि सर्पन बारे अनुसूची ४ बमोजिम संधियारका नाममा सूचना जारी गर्ने र त्यस्तो सूचना बुझेको भर्पाई तथा सूचना टाँस मुचुल्का अनुसूची ५ बमोजिम गराउने ।

५. **सर्जमिन तथा प्राविधिक प्रतिवेदनः** बुंदा ४ बमोजिमको सूचनामा कसैको उजुरी नपरेमा उक्त म्याद सकिएको ७ दिन भित्र नगरपालिकाले सर्भेक्षक/ अमिन खटाई अनुसूची ६ बमोजिमको सर्जमिन मुचुल्का उठाउने उजुरी परेमा ऐन बमोजिम गरिने ।

६. **घरको फिल्ड निरिक्षण तथा प्राविधिक प्रतिवेदनः** (क) वडा प्राविधिकले सो घरको निरिक्षण गरी अनुसूची ९ बमोजिमको प्रतिवेदन पेश गर्ने ।

(ख) पेश भएको नक्सा बमोजिम घर भए नभएको यकिन गरी नभएमा घरधनीलाई घर बमोजिम कै नक्सा सुधार गर्न लगाउने ।

७. बुदाँ ५ र ६ का निम्न किसिमका भवनहरुको देहायका आधारमा भवन निर्माण सम्पन्न अभिलेखिकरण वा अभिलेखीकरण प्रमाण पत्र जारी गरिनेछ । भवन निर्माण सम्पन्न अभिलेखीकरण गर्न निम्न तिन भागमा विभाजन गरिएको छ ।

क) नक्शा पास नगरेको तर फिल्डमा मापदण्ड मिल्ने गरी निर्मित भवन;

ख) नक्शा पास नगरेको र फिल्डमा मापदण्ड बिपरित हुने गरी बनेको भवन ;

ग) नक्शा पास गरेको र फिल्डमा निर्माण गर्दा मापदण्ड बिपरित हुने गरी बनेको भवन

८. दफा ७ को उपदफा (क) बमोजिम भवनको भवन निर्माण सम्पन्न अभिलेखीकरण सम्बन्धी कार्यविधी निम्न अनुसारको हुनेछ ।

- यस्ता भवनहरुलाई स्थानीय सरकार सञ्चालन ऐनले तोके बमोजिम नक्शा पास दस्तुरको तेब्बर दस्तुर तिर्न लगाई निर्मित भवनको नक्सा स्वीकृत गरि भवन सम्पन्न अभिलेखीकरण गरीदिईनेछ।
- स्थानीय सरकार सञ्चालन ऐन बमोजिम थप जरिवाना गर्नुपरेमा प्रमुख प्रशासकीय अधिकृतले नगर प्रमुख समक्ष पेश गर्नु पर्नेछ ।

९. दफा ७ को उपदफा (ख) बमोजिम भवनको भवन निर्माण सम्पन्न अभिलेखीकरण सम्बन्धी कार्यविधी निम्न अनुसारको हुनेछ ।

- सार्वजनिक कुलो,वन जङ्गल, पर्ति जग्गा, सार्वजनिक मठ मन्दिर, बाटो, नापी नक्साको बाटो भवनले नमिचेको तर छोड्नुपर्ने मापदण्ड बमोजिमको सेटव्याक नछोडेकोमा सेटव्याक भित्र परेको भाग नक्शामै Hatch गरी लाइन तानी स्थानीय सरकार सञ्चालन ऐनले तोके अनुसार नक्शा पास दस्तुरको तेब्बर दस्तुर तिर्न लगाई मापदण्ड विपरितको भाग संघ, प्रदेश वा स्थानीय सरकारबाट चाहेको बखत भत्काउने गरि घर धनीको कबुलियतनामा गराई भवन निर्माण सम्पन्न अभिलेखीकरण गरीदिइनेछ ।
- कुनै पनि मापदण्डमा नपर्ने (हालको मापदण्डमा नपरेको र २०६४ को मापदण्ड वा तत्कालीन अन्य मापदण्ड अनुरुप पनि नभएको) बाटोको क्षेत्रधिकारमा नपर्ने तथा अरु कुनै सार्वजनिक जग्गामा नपरेको, Nepal Building Code अनुसार नभएको, नगरपालिकाले तोकेको FAR र GCR भन्दा बढी भएका भवनहरुको नक्शा पास दस्तुरको आधा दस्तुर तिर्न लगाई मापदण्ड विपरितको भाग संघ, प्रदेश वा स्थानीय सरकारबाट चाहेको बखत भत्काउने गरि कबुलियतनामा गराई अभिलेखीकरण गरीदिइनेछ।

- स्थानीय सरकार सञ्चालन ऐन बमोजिम थप जरिवाना गर्नुपरेमा प्रमुख प्रशासकीय अधिकृतले नगर प्रमुख समक्ष पेश गर्नु पर्नेछ ।

१०. दफा ७ को उपदफा (ग) बमोजिम भवनको भवन निर्माण सम्पन्न अभिलेखीकरण सम्बन्धी कार्यविधी निम्न अनुसारको हुनेछ।

- सार्वजनिक कुलो,वन जङ्गल,पर्ति जग्गा, सार्वजनिक मठ मन्दिर, बाटो, संधियारको जग्गा आदि भवनले नमिचेको तर नक्शा पासमा छोड्न लगाइएको मापदण्ड नछोडेको, भवनको मापदण्डमा सेटव्याकमा परेको भाग समेत संशोधित नक्शा पेश गर्न लगाई सेटव्याकमा परेको भाग नक्शामै Hatch गरी लाइन तानी नक्शा पास दस्तुरको तेब्बर दस्तुर तिर्न लगाई मापदण्ड विपरितको भाग संघ, प्रदेश वा स्थानीय सरकारबाट चाहेको बखत भत्काउने गरि कबुलियतनामा गराई भवन निर्माण सम्पन्न अभिलेखीकरण गरिदिइनेछ।
- मापदण्ड विपरित निर्माण भएको, कभरेज बढेको, पिल्लर (Column) साईज अहिलेको मापदण्डमा नमिलेको, निर्धारित FAR भन्दा बढी रहेको भवनहरुको नक्शा पास दस्तुरको आधा दस्तुर तिर्न लगाई मापदण्ड विपरितको भाग संघ, प्रदेश वा स्थानीय सरकारबाट चाहेको बखत भत्काउने गरि कबुलियतनामा गराई अभिलेखीकरण गरीदिइनेछ।
- स्थानीय सरकार सञ्चालन ऐन बमोजिम थप जरिवाना गर्नुपरेमा प्रमुख प्रशासकीय अधिकृतले नगर प्रमुख समक्ष पेश गर्नु पर्नेछ।

११. सार्वजनिक जग्गा, पर्ति जग्गा, ऐलानी जग्गा, खोला नाला, नदी, कुलो कुलेसो, तालतलैया, साविक सडक क्षेत्राधिकार भित्रको जग्गा, चोक, मन्दिर, राष्ट्रिय सम्पदा, स्वामित्व बिहिन व्यक्तिगत सरचनाहरु आदि मिचेको घरको भवन निर्माण सम्पन्न अभिलेखीकरण गरिने छैन।

१२. यस कार्यविधि बमोजिम भवन निर्माण सम्पन्न अभिलेखीकरण वा अभिलेखीकरण गर्दा अनुसूची ७ वा अनुसूची ८ बमोजिमको कबुलियतनामा गर्न लगाई उक्त कबुलियतनामाको सक्कल प्रति कार्यालयमै राख्नुपर्नेछ।

**१३. स्पष्टिकरणः** (क) यस कार्यविधि अन्तर्गत प्रदान गरिएका भवन अभिलेखीकरण प्रयोजनको नक्सा पास तथा प्रमाण पत्रहरूले सो भवन नक्सा पासको प्रक्रियामा नआई पहिले नै बनिसकेका घरहरुको नगरपलिकामा अभिलेख राख्ने तथा नियमित गर्ने प्रयोजनका लागि प्रदान गरिएको भन्ने बुझाउने छ |यसले निर्माण इजाजत लिई निर्माण कार्य गरेको भन्ने बुझाउने छैन । नक्सा पासको प्रक्रियामा नआई पहिले नै बनिसकेका घरहरु वा स्वीकृत नक्सा भन्दा अलग किसिमले बनिसकेको घरहरु भएको कारणले सो घरहरुको कुनै भाग मापदण्ड भित्र नपरेको ठहरिन गएमा सो सम्बन्धमा कानून बमोजिम हुनेछ त्यस उपर नगरपालिकामा कुनै किसिमको उजुर बाजुर लाग्ने वा नगरपालिकाले ती उजुरी सम्बन्धमा कुनै कारवाही गर्ने छैन ।

(ख) यस उपरान्त निर्माण हुने कुनै पनि घर तथा भवनहरु अनिवार्य रुपमा नक्सा पास गराएर र निर्माण इजाजत लिएर मात्र निर्माण गर्नु पर्नेछ, अन्यथा तोकिए बमोजिम जरिवाना लाग्ने तथा कानून बमोजिम कारबाही हुनेछ । स्वीकृत नक्सा विपरित घर निर्माण गरेमा समेत तोकिए बमोजिम जरिवाना तथा कानून बमोजिम कारवाही हुनेछ ।

(ग) यस कार्यविधि अन्तर्गतको भवन अभिलेखीकरण प्रक्रिया सम्बन्धमा कुनै गुनासो भए नियमानुसार उजुरी गर्न सकिनेछ, तत् सम्बन्धमा ऐन बमोजिम गरिनेछ । यस कार्यविधि अन्तर्गत प्रमाणपत्र लिँदा कुनै गलत जानकारी वा कागजात पेश गरेको ठहर भएमा सो अभिलेखीकरण प्रयोजनको घर नक्सा तथा प्रमाणपत्र स्वतः खारेज हुनेछ ।

(घ) निर्माण प्रमाणित गरेकै आधारमा कानुन बमोजिमको कारवाही गर्न वाधा पुगेको मानिने छैन ।

१४. **बाटो सम्बन्धि व्यवस्थाः**

(क) नापी नक्सा वा लगत कट्टा गरेको फिल्डको बाटो जनिएकोमा सो बमोजिम नै बाटो कायम हुनेछ। बाटोको अवस्था (लम्बाइ, चौडाई) नापी नक्सा वा फिल्डमा फरक परेमा नापी नक्सा बमोजिम गरिनेछ। प्रचलित मापदण्ड अनुसार फिल्डमा बाटो रहेको तर नापी नक्सामा सो बमोजिमको बाटो भएको नदेखिए बाटोमा प्रयोग भएको जग्गाको सम्बन्धित जग्गाधनीको उपस्थितिमा लिखित सहमती गराई वडा कार्यालयको सिफारीसमा फिल्डको बाटोलाई आधार मान्न सकिनेछ।

(ख) नापी नक्सामा बाटो नदेखिएको तर अघिदेखि चलन चल्तीमा घरमुनी/माथीबाट आवतजावत गर्ने बाटो रहेछ भने सो बाटोलाई आधार मानी नियमित तथा अभिलेखिकरण गरिनेछ । गत बिगत देखि घरमुनी बाटो थियो/ थिएन भन्ने विषयमा विवाद परेमा वडा कार्यालयको उपस्थितिमा सर्जमिन मुचुल्का गरी सर्जमिनमा उल्लेखित व्यहोरा बमोजिम वडाको शिफारिश अनुसार गरिनेछ । तर बाटोको चौडाइ कम्तिमा १ मिटरको हुनुपर्नेछ।

(ग) नापी नक्सामा कुलो वा पानी लैजाने भाग देखिएको तर फिल्डमा बाटो निर्माण गरी गत बिगत देखि बाटोको रुपमा चलन चल्ती भई सोही बाटोलाई देखाइ यसअघि यस कार्यालयबाट नक्सापास समेत भएको रहेछ भने सर्जमिन मुचुल्का गरी वडाको सिफारिसको आधारमा राजकूलो, खोला, खोल्सा आदि जनाई सो बमोजिमकै मापदण्ड अनुरुप भवन निर्माण सम्पन्न अभिलेखीकरण गरिनेछ।

(घ) नापी नक्सामा खोला जनिएको तर फिल्डमा हाल उक्त खोला छोपी बाटोको रुपमा प्रयोग भैरहेको, सोही बाटोलाई देखाइ यस

कार्यालयबाट यस अघि नक्सापास गरिएको भएतापनि त्यस्तो खोला छोप्ने तथा खोला छोपिएको भागलाई बाटो देखाई भवन निर्माण सम्पन्न अभिलेखीकरण हुनेछैन। खोलाको मापदण्ड अनुसार खोला जनाई दुवैतर्फको किनारालाई गोरेटो बाटो मानी भवन निर्माण सम्पन्न अभिलेखीकरण गर्न सकिनेछ ।

## १५. विविधः

(क) दफा ७ बमोजिमको Structural Analysis Report (IS Code वा NBC प्रयोग गरि) पेश गर्न लगाई उक्त Report बमोजिम भवन सुरक्षित रहेको पाइएमा अनुसूची ११ बमोजिम भवन निर्माण सम्पन्न अभिलेखीकरण प्रमाण पत्र दिईनेछ तर उक्त Report बमोजिम भवन सुरक्षित रहेको नपाइएमा भवनको नक्सा पेश गर्न लगाई हाल नक्सा पास गर्न लाग्ने दस्तुरको नक्सा पासको आधा दस्तुर दस्तुर लिई अनुसुचि १२ बमोजिम अभिलेखीकरण प्रमाणपत्र जारि गरिनेछ र सो को जानकारी सम्बन्धित भवन धनीलाई गराइनेछ ।

(ख) प्राविधिक समिति समक्ष पेश गरिने भवन निर्माण सम्पन्न अभिलेखीकरणका लागी पेश भएका 'क' वर्गका भवनहरु नगरको प्राविधिक समितिबाट चेकजाँच गरी सिफारिस भए बमोजिम भवन निर्माण सम्पन्न अभिलेखीकरण प्रमाणपत्र जारी गरिनेछ।

(ख) विवाद समाधान र अन्तिम निर्णय गर्ने अधिकारः भवन निर्माण सम्पन्न अभिलेखीकरण सम्बन्धमा कुनै विवाद उत्पन्न भएमा महालक्ष्मी नगरपालिकाको योजना तथा भवन निर्माण मापदण्ड (संसोधन सहित) को परिच्छेद—१ को बुँदा २ (ठ) बमोजिमको प्राबिधिक समिति समक्ष पेश गर्नुपर्नेछ र उक्त समितिले गरेको निर्णय अन्तिम हुनेछ।

(ग) अवधि र बचाऊः यो कार्यविधि बमोजिम भवन निर्माण सम्पन्न अभिलेखीकरण गर्न नगरपालिकाले निर्णय गरि सूचना प्रकाशन गरेको दिन देखि तोकिएको अवधि सम्म लागु हुनेछ र कार्यविधि अन्तर्गतको

प्रक्रियामा आउन सूचनाको अन्तिम मिति भित्र रितपूर्वकको निवेदन दर्ता भइसकेको हुनुपर्नेछ । हाल सम्म यस नगरपालिकाबाट पहिले नै बनेका घर पुराना घर (Existing Building) भनेर प्रदान गरिएका निर्माण सम्पन्न प्रमाणपत्रहरु अभिलेखीकरण प्रमाणपत्रहरु तथा नक्सा प्रमाणित/घर अभिलेखीकरण प्रयोजनको नक्सा पास यसै कार्यविधि बमोजिम प्रदान गरिएको मानिनेछ ।

(घ) भवन निर्माण सम्पन्न अभिलेखीकरण गर्दा निर्माण गर्न पाउने क्षेत्रफल (FAR X जग्गाको क्षेत्रफल ) भन्दा १०% सम्म बढी भएमा तेब्बर दस्तुर लिई भवन निर्माण सम्पन्न अभिलेखीकरण पत्र दिन सकिने छ।

(ङ) बाधा अड्काउ फुकाउने अधिकारः यस कार्यविधि कार्यान्वयनको क्रममा कुनै बाधा अड्काउ पर्न आएमा नगर कार्यपालिकाले बाधा अड्काउ फुकाउन सक्नेछ।

## अनुसूचि—१

भवन निर्माण सम्पन्न अभिलेखिकरण अनुमति प्राप्त गर्न पेश गर्नु पर्ने आवश्यक कागजातहरु

१. जग्गा धनी प्रमाणपूर्जाको प्रमाणित प्रतिलिपि १ प्रति
२. चालु आर्थिक वर्षसम्मको मालपोत/भवनजग्गा कर तिरेको रसिदको प्रतिलिपि
३. नागरिकता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि १ प्रति
४. कित्ता नम्बर स्पष्ट भएको नापीको प्रमाणित नक्सा १ प्रति
५. पास गरिने भवनको As Build Map (डिजाइनर र नक्सावालाको हस्ताक्षर सहित) ३ प्रति
६. नगरपालिकामा सुचिकृत डिजाईनरको इजाजतपत्रको नविकरण सहितको फोटोकपी १ प्रति
७. मञ्जुरीनामा लिई भवन अभिलेखिकरण गर्ने भएमा नक्सावालाले सम्बन्धित वडा अध्यक्ष वा तोकिएको सदस्यको रोहवरमा भएको मञ्जुरीनामाको सक्कल १ प्रति
८. भवन निर्माण सम्पन्न अभिलेखिकरण हुने जग्गा (Site) मा पुग्ने बाटो प्रष्ट नभएमा बाटो प्रमाणित हुने गरी वडा कार्यालयको सिफारिस (गुठीको जग्गा भए वाटोको लागि कित्ताकाट नहुने तर फिल्डमा वाटो भए गुठीको सिफारिश) १ प्रति
९. नक्सावाला आफू उपस्थित हुन नसक्ने भएमा एकाभवनको व्यक्ति वा कानून बमोजिमको अधिकार प्राप्त व्यक्तिको प्रमाणित नागरिकताको प्रतिलिपि १ प्रति
१०. As Build Map मा प्लान ईलिभेसन, साईड प्लान र लोकेसन प्लान स्पष्ट भएको नक्सा हुनु पर्ने छ ।
११. संस्थागत/व्यापारीक भवनको लागि पेश गर्नु पर्ने थप कागजातहरु १ प्रति
    (क) उद्योग दर्ता प्रमाण पत्रको प्रतिलिपि १ प्रति
    (ख VAT/PAN दर्ता प्रमाणपत्रको प्रतिलिपि १ प्रति
    (ग) प्रवन्ध-पत्र तथा नियमावलीको प्रतिलिपि १ प्रति
    (घ) नगरपालिकामा व्यवसाय दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि १ प्रति
    (ङ) संस्थाको निर्णय प्रतिलिपी १ प्रति

## अनुसूची २

मिति : २०८.... /.../...

श्री महालक्ष्मी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
ललितपुर, बागमती प्रदेश, नेपाल

**विषय : पुरानो घरको अभिलेखीकरण प्रयोजनको घर नक्सा पास बारे।**

प्रस्तुत विषयमा मेरो/ हाम्रो नाममा रहेको महालक्ष्मी नगरपालिका वडा नं.............. को कित्ता नं ..............र क्षेत्रफल..............ब.मि.को जग्गामा बनेको..............तले आवासीय/व्यपारिक प्रयोजनको घर नक्सा पास प्रक्रियामा नआई/पास भएको नक्सामा फेरबदल भई पहिले नै निर्माण सम्पन्न भइसकेकोले महालक्ष्मी नगरपालिकाको भवन निर्माण सम्पन्न अभिलेखीकरण सम्बन्धी कार्यविधी, २०८० बमोजिम भवन निर्माण सम्पन्न अभिलेखीकरण गरिदिनुहुन आवश्यक सबै कागजात सहित निबेदन गर्दछु/गर्दछौं ।

निवेदक/ निवेदकहरु :

नामः

वडा नंः

सम्पर्क नं ..............

दस्तखत..............

## अनुसूची - ३

## नक्सा बनाउने प्राविधिकले उल्लेख गर्नुपर्ने विवरण ( प्रतिबेदन)

१. जग्गाधनीको नाम, थर :.............................................................

२. घरधनीको नाम, थर : ..............................................................

३. भू उपयोग क्षेत्र : ....................................................................

४. प्रयोजनः...................................................................................

५. जग्गाको कित्ता नं.: ..................................................................

६. जग्गाधनीको पूर्जा अनुसारको जग्गाको क्षेत्रफल (वर्ग मिटर) :..............

७. फिल्ड नाप अनुसारको जग्गाको क्षेत्रफल (वर्ग मिटर) : ......................

८. निर्मित भवनको प्लिन्थको क्षेत्रफल (वर्ग फिट) : ..............................

९. प्रस्तावित भवनको अधिकतम : लम्बाई.............फिट
चौडाई.............फिट.............उचाई............. फिट

१०. निर्माणको तल्ला क्षेत्रफल सम्बन्धी विवरण

| क्र.स. | निर्मित क्षेत्रफल(वर्ग फिट) | | | |
|---|---|---|---|---|
| | तल्ला | तत्कालिन स्वीकृत मापदण्ड अनुसार भएको | तत्कालिन स्वीकृत मापदण्ड अनुसार नभएको | भवन निर्माण सम्पन्न अभिलेखीकरण/ अभिलेखीकरण हुने क्षेत्रफल(वर्ग फिट) |
| ज्ञ | भुइँ तल्ला | | | |
| | पहिलो तल्ला | | | |
| | दोस्रो तल्ला | | | |
| जम्मा क्षेत्रफल | | | | |

११. प्रस्तावित अन्य निर्माण (भवन बाहेक जस्तै पर्खाल, टहरा, आदि) ले ढाक्ने क्षेत्रफल (वर्ग फिट).

१२. प्रस्तावित भवन निर्माण र साविक भवन निर्माणले गरी ढाक्ने जम्मा क्षेत्रफल (Ground Coverage)......%

१३. जम्मा स्वीकृत गर्न सकिने (Ground Coverage)....

१४. निर्माणको किसिम : पक्की लोड वियरिङ्ग फ्रेम स्ट्रक्चर कच्ची अन्य........

१५. भवनको गाह्रोमा प्रयोग गरिने मसलाको विवरण .............

१६. भवनको छानाको किसिम ........................................................

१७. मापदण्ड अनुसार प्रस्तावित निर्माणसँग जोडिएको सडकको नाम : ...........
हाल कायम सडक अधिकार क्षेत्र.............मि.............प्रस्तावित सडक अधिकार क्षेत्र .............मि.

१८. प्रस्तावित भवनको सेटव्याकः (कन्सल्टेन्टले भर्नुपर्ने)

| दिशा | सडकको केन्द्रबाट | | प्रस्तावित सडक अधिकार क्षेत्रबाट | | संधियार तर्फबाट | | झ्याल/ ढोका छ/छैन? | मापदण्ड अनुसार नभएमा सोको विवरण (मि) |
|---|---|---|---|---|---|---|---|---|
| | छाडिएको जग्गा (मि.) | न्युनतम छोड्नु पर्ने जग्गा (मि) | छाडिएको जग्गा (मि.) | न्युनतम छोड्नु पर्ने जग्गा (मि.) | छाडिए को जग्गा (मि.) | न्युनतम छोड्नु पर्ने जग्गा (मि.) | | |
| पुर्व तर्फ | | | | | | | | |
| पश्चिम तर्फ | | | | | | | | |
| उत्तर तर्फ | | | | | | | | |
| दक्षिण तर्फ | | | | | | | | |

१९) सार्वजनिक जग्गा, नदी, कुलो आदिको किनारामा निर्माण प्रस्ताव गरिएको भए सो को नाम तथा विवरण (नाम/विवरण) ......................................
छाड्नुपर्ने न्यूनतम दूरी.................मिटर छाडिएको दूरी .............मिटर

२०) जग्गा माथिबाट हाई टेन्सन लाईन गएको भए सो को किनाराबाट भवन निर्माण सम्मको दुरी :
छाड्नुपर्ने न्यूनतम दूरी ................. मिटर छाडिएको दूरी............मिटर

**नक्सा बनाउनेको तर्फबाट**

मैले महालक्ष्मी नगरपालिकाको भवन नियमित तथा अभिलेखीकरण सम्बन्धी कार्यबिधी २०८० बमोजिम भवन नियमित तथा अभिलेखीकरण हुन सक्ने घरको फिल्डको वास्तविक बस्तुस्थितीको आधारमा निवेदक श्री..........................को नक्सा बनाएको हुँ । झुटा फरक ठहरे कानुन बमोजिम सहुँला बुझाउला ।

**नक्सा बनाउनेको**

नाम, थर ......................................डिजाइनरको योग्यता ......................
नेपाल इन्जिनियरिङ्ग परिषद नं. ................................. मिति ...................
दस्तखत : छाप

# अनुसूची ४

## महालक्ष्मी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## ललितपुर, बागमती प्रदेश, नेपाल

मिति ....................

**संधियारको नाममा जारि १५ दिने सूचना**

महालक्ष्मी नगरपालिका वडा नं.............बस्ने श्री.............ले महालक्ष्मी नगरपालिका वार्ड नं......कित्ता नं...... क्षेत्रफल.......को

पूर्व : कित्ता नं...... पश्चिमः कित्ता नं...... उत्तरः कित्ता नं......दक्षिणः कित्ता नं.... यति चार किल्लाभित्रको जग्गामा तपशीलमा उल्लेख भए बमोजिमको पहिले नै निर्माण भएको घरको घरनक्सा सहितको अभिलेखिकरण प्रमाण पत्र पाऊँ भनि यस कार्यालयमा निवेदन दिनुभएकोले सो बनेको घरको साँध संधियार कोही कसैलाई पिरमर्का परेको भए आफूलाई मका परेको सबै विवरण खुलाई यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र यस नगरपालिका कार्यालयमा उजुर बाजुर गर्नुहुन स्थानीय सरकार संचालन ऐन २०७४ बमोजिम यो सूचना प्रकाशित गरिएको छ । म्यादभित्र पर्न नआएका उजुरी प्रति कुनै कारवाही गरिने छैन ।

**तपशील**

१) घरको संरचनाको किसिम : फ्रेम स्ट्रक्चर/लोड बियरिंग/कच्ची (टिनको छानो), अन्य ............................ २) लम्बाईः............. मि.

३) चौडाईः............. मि. ५) उचाईः............. मि.

४) भुँइ तल्लाको क्षेत्रफलः............. मि.वर्ग फिट ६) तल्ला संख्याः

.......................

घर नक्शा शाखा

**नोटः** घरधनीलाई सूचना टाँस भएको मितिले १६ दिनमा नगरपालिकाको सर्भेक्षक/अमिनसंग सम्पर्क राखी सर्जमिनको लागीसमय लिन हुन जानकारी गराईन्छ ।

**बोधार्थ :**

१. श्री .......नं. वडा कार्यालय कुनै प्रतिक्रिया भए जनाई दिन अनुरोध छ ।

## अनुसूची ५
## महालक्ष्मी नगरपालिका
## ....................नं. वडा कार्यालय
## ललितपुर

**सूचना बुझाएको भर्पाई तथा टाँस मुचुल्का बारे**

यस नगरपालिका वडा नं........... स्थित श्री................................. को नाममा रहेको कित्ता नं................ क्षेत्रफल........... वर्ग मिटरको जग्गामा निर्माण भएको घरको अभिलेखीकरण प्रयोजनको नक्सा पास गर्ने प्रयोजनको सिलसिलामा महालक्ष्मी नगरपालिका कार्यालयको च.नं...... मिति.............. गतेको पत्रको व्यहोरा बमोजिम प्रकाशित १५ दिने सन्धी सर्पन बारेको सूचना घर धनीले संधियारलाई बुझाई एक प्रति सूचना हामीहरुको रोहबरमा निर्माण स्थलमा सबैले देख्ने ठाउँमा टास गरेको ठिक साचो हो ।

**संधियारहरु**

१. पूर्व तर्फको संधियार श्री........................दस्तखत........................

२. पश्चिम तर्फको संधियार श्री........................दस्तखत........................

३. उत्तर तर्फको संधियार श्री........................दस्तखत........................

४. दक्षिण तर्फको संधियार श्री........................दस्तखत........................

**साक्षीहरु :-**

१. श्री........................दस्तखत........................

२. श्री........................दस्तखत........................

३. श्री........................दस्तखत........................

**घरधनी :**

श्री..............................................................दस्तखत.....................

उपर्युक्त सूचना संधियारहरुलाई बुझाई निर्माण स्थलमा टाँस गरि वडाको जानकारीका लागि १ प्रति सूचना बुझिलिएको हो ।

**रोहबरमा**

१. वार्ड नं.......का वडाध्यक्ष / वडा प्रतिनिधी

श्री.......................................................

दस्तखत......................................................

काम तामेल गर्ने

नामः श्री.

पद : वडा सचिव......नं वडा समितिको कार्यालय

वडा कार्यालयको छाप

मितिः ...........साल ...........महिना...........गते............. शुभम

संख्याः१ महालक्ष्मी नगरपालिका मितिः२०८१/०१/२१

## अनुसूची-६

## भवन निर्माण सम्पन्न अभिलेखीकरण गर्ने प्रयोजनका लागि सर्जमिन मुचुल्का

श्री

लिखितम् यस महालक्ष्मी नगरपालिका वडा नं........स्थित श्री .............को नाममा रहेको कित्ता नं...... क्षेत्रफल ..........वर्ग मिटर को जग्गामा पहिले नै बनेको घरको भवन निर्माण सम्पन्न अभिलेखीकरण गर्ने प्रयोजनको नक्सा पास तथा प्रमाणपत्रका निमित्त दरखास्त पेश हुन आएकोमा सो घर बनेको जग्गा तथा सो घरको अभिलेखीकरण प्रयोजनको नक्सा पास तथा प्रमाणपत्रका लागि सन्धि सर्पन बारेको १५ दिने सूचना प्रकाशित गर्दा कोहि कसैको उजुरी नपरेकोले सर्जमिन मुचुल्का उठाउनुपर्ने भएकोमा सो घर बनेको जग्गाको साँध संधियार, छरछिमेकीलाई एक स्थानमा भेला गराई खटिई आउनुभएका डोर मार्फत सोधनी हुँदा तत्सम्बन्धमा व्यहोरा यो छ कि उक्त घरजग्गामा कोही कसैको खिचोला नभएको, कोही कसैलाई सन्धीसर्पन, पिरमर्का नपर्ने देखिएको हुँदा सो पेश गरेको घर नक्सा पास सहितको भवन निर्माण सम्पन्न अभिलेखीकरण गरि प्रमाणपत्र दिएमा ठीक छ व्यहोरा ठीक साँचो हो भनी यस मुचुल्कामा सहीछाप गरी खटिई आउनुभएका डोर मार्फत महालक्ष्मी नगरपालिका कार्यालयमा चढायौं ।

(सबैको नाम तथा हस्ताक्षर)

**साक्षीहरु**

१. वार्ड नं......... बस्ने वर्ष.........का श्री..........................दस्तखत.............................
२. वार्ड नं......... बस्ने वर्ष.........का श्री..........................दस्तखत.............................
३. वार्ड नं......... बस्ने वर्ष.........का श्री..........................दस्तखत.............................

**साँध साँधियार**

१. पूर्व तर्फ : वर्ष.........का श्री..........................दस्तखत................................
२. पश्चिम तर्फ : वर्ष.........का श्री..........................दस्तखत.............................
३. उत्तर तर्फ : वर्ष.........का श्री..........................दस्तखत.............................
४. दक्षिण तर्फ : वर्ष.........का श्री..........................दस्तखत.............................

**सम्बन्धित घरधनी**

वार्ड नं......... बस्ने वर्ष.........का श्री..........................दस्तखत.............................

संख्याः१ महालक्ष्मी नगरपालिका मितिः२०८१/०१/२१

**रोहबर**

वार्ड नं–.. का वडाध्यक्ष / वडा प्रतिनिधी

श्री...........................दस्तखत...........................

काम तामेल गर्ने

महालक्ष्मी न.पा.का सर्भेक्षक/ अमिन श्री

...........................दस्तखत...........................

इति सम्वत् २०.........साल.........महिना.........गते रोज.........शुभम् ।

संख्याः१ महालक्ष्मी नगरपालिका मितिः२०८१/०१/२१

अनुसूचि-७

**भवन निर्माण सम्पन्न अभिलेखीकरण प्रयोजनको नक्सा पासका लागी घरधनीको कबुलियतनामा**

मितिः ........../....../.......

लिखितम महालक्ष्मी नगरपालिका वडा नं. ......... बस्ने श्री .................... ........को नाति/नातिनी/बुहारी श्री...........................................को छोरा / छोरी / पत्नी श्री ............................................को नाममा ललितपुर जिल्ला महालक्ष्मी नगरपालिका वडा नं........ अन्तर्गत .......................... टोल ...................................... मार्गमा मेरो /हाम्रो नाममा रहेको कि.नं. ................क्षेत्रफल ................ रोपनी/बर्ग मिटर/फिट जग्गामा मिति ........................... मा निर्माण गरी बसोबास गर्दै आएको र उक्त भवनको मिति .................मा नक्सा पास भई अस्थायी स्वीकृत/स्थायी स्वीकृत/आंशिक सम्पन्न प्रमाण—पत्र लिएकोमा हाल जम्मा .......................वर्ग मिटर/फिट निर्माण भएको देखिएकोमा सो मध्ये ......................वर्ग मिटर/फिट स्वीकृत नक्सा अनुसार भएको र बाँकि ..........................वर्ग मिटर/फिट साविक मापदण्ड अनुकुल निर्माण नभएको (.............................................................) ले संघ, प्रदेश वा स्थानीय सरकारबाट आवश्यक परेको बेलामा भत्काएमा मेरो मन्जुरी छ र पुरै सहयोग गर्नेछु।यस कबुलियत नामामा लेखिएको व्यहोरा बमोजिमको काम कारबाही सम्पादन हुँदा त्यस सम्बन्धमा कुनै बादविवाद,उजुरी गर्ने छैन |यदि विवाद आएको बखत यसै कबुलियतनामा लाई आधार मानेर बदर गरिदिन मेरो राजीखुसि रहेको छ |साथै हाल निर्माण भएको संरचना भन्दा थप भवन निर्माण भएको संरचना भन्दा थप भवन निर्माण गर्ने छैन भनि यो कबुलियत सर्तनामा गरी पेश गरेको छु।यसमा उल्लेखित विवरणहरु फरक पर्दैन |माथी उल्लेखित व्यहोरा भन्दा अन्यथा हुन गएमा प्रचलित कानुन बमोजिम सहुला बुझाउला भनी तपशिलका साक्षीहरुका रोहवरमा सही छाप गर्ने भवन निर्माणकर्ताबाट :

संख्याः१ महालक्ष्मी नगरपालिका मितिः२०८१/०१/२१

नाम :

सहि : दा. बा.

हस्ताक्षरः

**साक्षीहरु :**

१. .................................................................................................

२. ..................................................................................................

३. .................................................................................................

४. .................................................................................................

५. ................................................................................................

इति सम्बत २०८...... साल ............महिना ..............गते ............शुभम ।

## अनुसूचि-८

## भवन अभिलेखीकरण प्रयोजनको नक्सा पासका लागी घरधनीको कबुलियतनामा

मितिः ........../....../......

लिखितम महालक्ष्मी नगरपालिका वडा नं. ......... बस्ने श्री ....................को नाति/नातिनी/बुहारी श्री...........................................को छोरा/छोरी/पत्नी श्री ............................................को नाममा ललितपुर जिल्ला महालक्ष्मी नगरपालिका वडा नं........ अन्तर्गत .......................... टोल ...................................... मार्गमा मेरो /हाम्रो नाममा रहेको कि.नं. .................क्षेत्रफल ................ रोपनी/बर्ग मिटर/फिट जग्गामा मिति ........................... मा निर्माण गरी बसोबास गर्दै आएको र उक्त भवनको नक्सा पास नभएको हुँदा हाल जम्मा .......................वर्ग मिटर/फिट निर्माण भएको देखिएकोमा सो मध्ये ......................वर्ग मिटर/फिट मापदण्ड अनुसार भएको र बाँकि ...........................वर्ग मिटर/फिट मापदण्ड अनुकुल निर्माण नभएको (.........................................................) ले संघ, प्रदेश वा स्थानीय सरकारबाट आवश्यक परेको बेलामा भत्काएमा मेरो मन्जुरी छ र पुरै सहयोग गर्नेछु। यस कबुलियत नामामा लेखिएको व्यहोरा बमोजिमको काम कारबाही सम्पादन हुँदा त्यस सम्बन्धमा कुनै बादविवाद,उजुरी गर्ने छैन |यदि विवाद आएको बखत यसै कबुलियतनामा लाई आधार मानेर बदर गरिदिन मेरो राजीखुसि रहेको छ |साथै हाल निर्माण भएको संरचना भन्दा थप भवन निर्माण भएको संरचना भन्दा थप भवन निर्माण गर्ने छैन भनि यो कबुलियत सर्तनामा गरी पेश गरेको छु ।यसमा उल्लेखित विवरणहरु फरक पर्दैन | माथी उल्लेखित व्यहोरा भन्दा अन्यथा हुन गएमा प्रचलित कानुन बमोजिम सहुला बुझाउला भनी तपशिलका साक्षीहरुका रोहवरमा सही छाप गर्ने भवन निर्माणकर्ताबाट :

नाम :

सहि : दा. बा.

हस्ताक्षरः

**साक्षीहरु :**

१. ...............................................................................................

२. ..............................................................................................

३. .............................................................................................

४. .............................................................................................

**रोहबर**

वार्ड नं.    का वडाध्यक्ष / वडा प्रतिनिधी

श्री...................................................................................दस्तखत..............................

काम तामेल गर्ने

इति सम्बत २०८......साल ............महिना ..............गते ............शुभम ।

## अनुसूची-९

मितिः............................

श्री महालक्ष्मी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
ललितपुर, बागमती प्रदेश, नेपाल

**विषयः अभिलेखीकरण प्रयोजनको घर नक्सा पासका लागी प्राविधिकको फिल्ड प्रतिवेदन**

महालक्ष्मी नगरपालिका वडा नं.....स्थित श्री.......................ले निजको नाममा रहेको कित्ता नं....... क्षेत्रफल........वर्ग मिटरको जग्गाभित्र निर्मित प्लिन्थ क्षेत्रफल.........वर्ग फिट भएको .........तले घर नगरपालिकाबाट नक्सा पास प्रक्रियामा नआई निर्माण सम्पन्न भएको भनि निजले निवेदन दिनु भएकोमा हामीले मिति......................मा घरको प्राविधिक चेक जाँच गर्दा निम्न बमोजिम पाईएको प्रतिवेदन पेश गर्दछौं ।

| सर्वेक्षक / अमिनले भर्नुपर्ने विवरण | अ. स. ई./ सब.इन्जिनियरले भर्नु पर्ने बिवरण |
|---|---|
| १. सडक अधिकार क्षेत्रको चौडाई हाल कायम चौडाई.......मि. प्रस्तावित चौडाई .......... मि. | तत्कालीन स्वीकृत मापदण्ड अनुसार निर्मित क्षेत्रफल<br>भुइँ तल्ला......................ब.फि.<br>पहिलो तल्ला.................ब.फि.<br>दोस्रो तल्ला...................ब.फि<br>तेस्रो तल्ला.....................ब.फि.<br>चौथो तल्ला...................ब.फि<br>पाँचौ तल्ला...................ब.फि |
| २. सडक तर्फको सेटब्याकः छोड्नु पर्ने सेट व्याक..... मि. छोडिएको सेटब्याक...... मि. | |
| ३. संधियार तर्फको सेटब्याक : तत्कालीन स्वीकृत मापदण्ड अनुसार छोड्नु पर्ने सेटब्याक : पूर्व...मि.पश्चिम...मि.उत्तर...मि.दक्षिण....मि. छोडिएको सेटब्याक : पूर्व...मि.पश्चिम...मि.उत्तर...मि.दक्षिण....मि. | |

| | |
|---|---|
| मापदण्ड अनुसार नभएको भए विवरण खुलाउनेः............... | |
| ४. निर्माण भएको स्थल सम्म पुग्ने बाटोको किसिम......बाटोको डाई......मि. | |
| ५. निर्माण भएको भवनले सार्बजनिक स्थल वासंधियारलाई बाधा पुर्याएको छ/छैन ? | |
| ६. मापदण्ड अनुसारको सडक अधिकार क्षेत्र र साइट प्लान मेल खान्छ / खादैन ?.. | |
| ७. खोला/ खहरे/नदि / ताल /कुलो आदि नजिक भए सो देखि बनेको भवनको बाहिरी भाग सम्मको दुरी.. | भवनको छानोको किसिम............ |
| ८. निर्माण भएको जग्गा वा सोको नजिकबाट हाइटेन्सन लाइन गएको छ/छैन ?छ भने बनेको भवनको बाहिरी भाग सम्मको दुरी.... | प्रयोग भएको गरोको किसिम........<br>गारोको मोटाइ ...........इन्च |
| ९. नापी नक्सा र फिल्डको आकार मिल्छ मिल्दैन ?. | भवनको अवस्था जोखिमपूर्ण भए/नभएको ?खुलाउने............ |
| १०. लालपुर्जा भन्दा फिल्डमा जग्गा ठिक/ बढी घटी के देखिन्छ ........... | |
| ११. प्राबिधिक अन्य कुरा भए खुलाउने....................... | नामः............................<br>पद : सब-इन्जिनियर / अ. सब इन्जिनियर<br>दस्तखत............................. |
| १२. राजस्व बिवरणः | |
| नामः................................<br>पदः सर्वेक्षक / अमिन<br>दस्तखत......................... | |

# अनुसूची-१०

# महालक्ष्मी नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

# ललितपुर, बागमती प्रदेश, नेपाल

मिति...........................

## टिप्पणी तथा आदेश

**बिषयः भवन निर्माण सम्पन्न अभिलेखीकरण सम्बन्धमा ।**

महालक्ष्मी न.पा. वडा न........स्थित श्री...............................................ले भवन निर्माण सम्पन्न अभिलेखीकरण का लागी यस कार्यालयमा दिनु भएको निवेदन साथ पेश गर्नु भएको प्रमाणको आधारमा निजको नाममा दर्ता रहेको महालक्ष्मी नगरपालिका वडा नं........ को क्षेत्रफल ......... ब.मि मा निर्माण भएको घर भवन निर्माण सम्पन्न अभिलेखीकरण कार्यविधि २०८० बमोजिम भवन निर्माण सम्पन्न अभिलेखीकरण लागि यस कार्यालयबाट मिति............मा सन्धी सर्पनको उजुरी बारे सूचना प्रकाशित गरिएकोमा तोकिएको म्यादभित्र कसैको उजुरी नपरेको / श्री............................को मितिमा उजुरी परि छानविन भई मिति..................मा सहमती / निर्णय भएको, यस कार्यालय बाट मिति.................मा सर्जमिन र सोही सिलसिलामा यस कार्यालयबाट प्राबिधिक फिल्ड निरिक्षण गर्दा भवन निर्माण सम्पन्न अभिलेखीकरण कार्यबिधी २०८० को बुदाँ नं. ७ बमोजिम भवन निर्माण सम्पन्न अभिलेखीकरण प्रमाणपत्र दिन मनासिब रहेकाले निर्णयको लागि प्रेषित ।

| तयार गर्ने | पेश गर्ने | जांच गर्ने | सिफारिस गर्ने | स्वीकृत गर्ने |
|---|---|---|---|---|
| ............. | .............. | .............. | ..................... | ....................... |

संख्याः१ महालक्ष्मी नगरपालिका मितिः२०८१/०१/२१

अनुसूचि-११

**महालक्ष्मी नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

**ललितपुर, बागमती प्रदेश, नेपाल**

**भवन निर्माण सम्पन्न अभिलेखिकरण**

फोटो

प्रमाण पत्र नं.

महालक्ष्मी नगरपालिका वडा नं. ………… साविक ………………………… गा.वि.स., न.पा. वडा नं.……….मा देहाय वमोजिम विवरण भएको भवन **महालक्ष्मी नगरपालिका भवन निर्माण सम्पन्न अभिलेखिकरण सम्वन्धि कार्यविधि, २०८०**

बमोजिम सो भवन निर्माण सम्पन्न अभिलेखिकरण गरिएको छ ।

१. जग्गाधनीको नाम श्री……………………………………………………………

२. भवनधनीको नाम श्री……………………………………………………………

३. जग्गाको विवरणः महालक्ष्मी नगरपालिका वडा नं………,कित्ता नं.: …………..क्षेत्रफलः ………………………..

२. चार किल्लाः पूर्वः…………………..पश्चिमः……………….उत्तरः…………………. दक्षिणः………………………..

५. भवन निर्माणको विवरणःक) नक्सा पास मितिः २०………।……….।……… ख) भवन बनेको सालः ………………………………

६. भवन निर्माणको किसिमः .Frame Structure/Load Bearing
भवनको प्रयोजनःआवासीय/ व्यावसायिक

७. भवन जग्गासँग जोडिएको बाटोको किसिमः गोरेटो÷कच्ची मोटर बाटो÷पक्की मोटर बाटो

| | सडकको मापदण्ड ROW (केन्द्र बाट) मिटर | | कैफियत |
|---|---|---|---|
| | छोड्नु पर्ने | छोडेको | |
| पुर्व | | | |
| पश्चिम | | | |
| उत्तर | | | |
| दक्षिण | | | |

८. नदी/राजकुलो/खोला/सार्वजनिक जग्गा आदिको किनारामा भए छोड्नु पर्ने दूरी.......... मिटर । छोडेको दूरी..........मिटर ।

९. भवनको क्षेत्रफल सम्वन्धि विवरण

| तल्ला | भवन निर्माण भएको स्थिति (बर्ग फिट) | मापदण्ड बमोजिम हुनुपर्ने क्षेत्रफल (बर्ग फिट) | कैफियत |
|---|---|---|---|
| अर्ध÷भुमिगत तल्ला | | | |
| जमिनतल्ला | | | |
| पहिलो तल्ला | | | |
| दोस्रो तल्ला | | | |
| तेस्रो तल्ला | | | |
| .............तल्ला | | | |
| जम्मा क्षे.फ.(वर्गफिट) | | | |

**अन्य व्यहोराः**

| तयार गर्ने | पेश गर्ने | जांच गर्ने | सिफारिस गर्ने | स्वीकृत गर्ने |
|---|---|---|---|---|
| .................. | ............ | ........... | ................ | ................ |

# अनुसूचि-१२

## महालक्ष्मी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## ललितपुर, बागमती प्रदेश, नेपाल

फोटो

## अभिलेखिकरण प्रमाण पत्र

प्रमाण पत्र नं.

महालक्ष्मी नगरपालिका वडा नं. ........... साविक ............................. गा.वि.स., न.पा.वडा नं..........मा देहाय वमोजिम विवरण भएको भवन **महालक्ष्मी नगरपालिका भवन निर्माण सम्पन्न अभिलेखिकरण सम्वन्धि कार्यविधि, २०८०** बमोजिम अभिलेखिकरण गरिएको छ ।

१. जग्गाधनीको नाम श्री.................................................................

२. भवनधनीको नाम श्री..................................................................

३. जग्गाको विवरणः महालक्ष्मी नगरपालिका वडा नं. ........,कित्ता नं.: ........... क्षेत्रफलः ............................

२. चार किल्लाः पूर्वः..........पश्चिमः.........उत्तरः...........दक्षिणः............

५. भवन निर्माणको विवरणःक) नक्सा पास मितिः २०.........।..........।......... ख) भवन बनेको सालः .....................

६. भवन निर्माणको किसिमः .Frame Structure/Load Bearing
भवनको प्रयोजनःआवासीय/ व्यावसायिक

७. भवन जग्गासँग जोडिएको बाटोको किसिमः गोरेटो÷कच्ची मोटर बाटो/पक्की मोटर बाटो

| | सडकको मापदण्ड ROW (केन्द्र बाट) मिटर | | कैफियत |
|---|---|---|---|
| | छोड्नु पर्ने | छोडेको | |
| पुर्व | | | |
| पश्चिम | | | |
| उत्तर | | | |
| दक्षिण | | | |

८. नदी/राजकुलो/खोला/सार्वजनिक जग्गा आदिको किनारामा भए छोड्नु पर्ने दूरी.......... मिटर । छोडेको दूरी..........मिटर ।

९. भवनको क्षेत्रफल सम्वन्धि विवरण

| **तल्ला** | **भवन निर्माण भएको स्थिति (बर्ग फिट)** | **मापदण्ड बमोजिम हुनुपर्ने क्षेत्रफल (बर्ग फिट)** | **कैफियत** |
|---|---|---|---|
| अर्ध/भुमिगततल्ला | | | |
| जमिनतल्ला | | | |
| पहिलो तल्ला | | | |
| दोस्रो तल्ला | | | |
| तेस्रो तल्ला | | | |
| .............तल्ला | | | |
| जम्मा क्षे.फ.(वर्गफिट) | | | |

**अन्य व्यहोराः**

| तयार गर्ने | पेश गर्ने | जांच गर्ने | सिफारिस गर्ने | स्वीकृत गर्ने |
|---|---|---|---|---|
| .................. | ............ | ........... | ................ | ................ |

**प्रमाणीकरण मिति : २०८१/०१/२०**

**आज्ञाले,**
**प्रदिप पौडेल**
**प्रमुख प्रशासकीय अधिकृत**

**महालक्ष्मी नगरपालिका, ललितपुर**

**मूल्यः रु १०** **मुद्रणः २०० प्रति**